# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

## सुनिलस्मृति गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समितिको सूचना

मौसम पुर्वानुमान महाशाखाको मिति २०८३/०४/२९ गतेको मौसम पूर्वानुमान बुलेटिन अनुसार मिति २०८३/०४/२९ गते दिउँसो देशभर साधारणतया बादल लाग्ने, लुम्बिनी प्रदेशका हिमाली र पहाडी भू-भागका धेरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षाको सम्भावना रहेको मिति २०८३ साउन ३० गते(शनिबार) दिउँसो देशभर साधारणतया बादल लाग्ने, लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको र २०८३ साउन ३१ गते (आइतबार) दिउँसो देशभर साधारणतया बादल लाग्ने, लुम्बिनी प्रदेशका हिमाली र पहाडी भू-भागका धेरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षाको सम्भावना रहेको र हाल केही दिन यता निरन्तर वर्षात भइरहेको तथा आगामी दिनमा समेत वर्षा हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै गाउँपालिकाभित्र हुन सक्ने **बाढी, पहिरो, डुबान, भू-क्षय तथा अन्य विपद्का जोखिमबाट सुरक्षितका साथै उच्च सतर्कता अपनाउनुहुन** गाउँपालिकावासीमा हार्दिक अनुरोध गर्दछौं ।

वर्षातको समयमा नदी, खोला तथा खोल्सामा पानीको बहाव बढ्न सक्ने, पहिरो तथा सडक अवरुद्ध हुन सक्ने भएकाले **जोखिमयुक्त स्थानमा नजान, नदी-खोलाको किनारमा नबस्न** साथै सम्भावित विपद्को जोखिम देखिएमा तत्काल सुरक्षित स्थानमा स्थानान्तरण हुन तथा गाउँपालिका, वडा कार्यालय, सुरक्षा निकाय एवं सम्बन्धित निकायलाई जानकारी गराउनुहुन समेत अनुरोध गर्दछौं ।

२९ श्रावण २०८३
ने.सं. ११४६ गुंलाथ्व, द्धितीया

...................
(मणिराम बुढाथोकी)
संयोजक एवं
सम्पूर्ण स्थानीय विपद् व्यवस्थापन समिति, परिवार

मणिराम बुढाथोकी
अध्यक्ष

---

"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्प : दिगो विकास र सुशासन मात्र विकल्प"

फोन:०८६-४०११५२, ४०११७० इमेल:ssrm@sunilsmritimun.gov.npवेबसाइट:sunilsmritimun.gov.np